नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ........................

# प्रेस विज्ञप्ति

आज मिति २०७५ असोज २६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटको प्रथम दुई महिना अवधिको कार्यान्वयन अवस्थाको बारेमा नेपाल सरकारका सचिवज्यूहरुबीच समिक्षा भयो । बैठकमा यस आर्थिक वर्षको पहिलो दुई महिनामा राजस्व संकलन उत्साहप्रद रहेको, यस अवधिमा १६० भन्दा बढी कानून निर्माण भएका, संघ, प्रदेश र स्थानीय तहका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यको प्रथम चरण सम्पन्न भएका विषयमा छलफल भयो ।

आ.व. २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटलाई कार्यान्वयन गर्नको लागि सम्बन्धित मन्त्रालयहरुबाट पेश भएका कार्ययोजनाहरुको उपलब्धीको मापन गर्नको लागि अनलाईन मनिटरिङ सिस्टम तयार भएको छ । आगामी दिनमा प्रत्येक मन्त्रालयले आफूले सम्पादन गरेका कार्यहरुको मासिक प्रतिवेदन सोही अनलाईन सिस्टम मार्फत गर्नुपर्ने र सो को मूल्यांकन समेत अनलाईन मार्फत नै हुने जानकारी गराइयो। सो मूल्यांकनका आधारमा आगामी दिनमा प्रत्येक महिना उत्कृष्ट निकाय घोषणा गर्नुका साथै कार्यान्वयनमा कमजोरी देखिएमा सम्बन्धित मन्त्रालयका सचिवज्यू जिम्मेवार हुने प्रणालीको सुरुवात भएको व्यहोरा वैठकमा अवगत गराइयो ।

उक्त वैठकमा मन्त्रिपरिषद् वैठकका निर्णयहरुको कार्यान्वयन, पूर्वाधार निर्माणमा देखिएका कमी कमजोरीहरु हटाई द्रुत गतिमा पूर्वाधार एवम् विकास निर्माणका काम अगाडि बढाउन, आम नागरिकलाई परिवर्तनको महशुस हुने गरी सार्वजनिक सेवा प्रवाह गर्न एवम् संघ, प्रदेश र स्थानीय तहमा दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापनका साथै संघ, प्रदेश र स्थानीय तहमा संचालित विकास आयोजनाहरुको सम्बन्धमा निर्धारित समयमानै कार्य सम्पादन गर्न सचेष्ट गराइयो ।

वैठकको अन्त्यमा नेपाल सरकारका मुख्य सचिवज्यू, सबै सचिवज्यूहरु र उपस्थित राष्ट्र सेवक कर्मचारीहरुका बीचमा विजया दशमी, दिपावली, छठ तथा नेपाल संवत् लगायतका चाडपर्वको उपलक्ष्यमा शुभकामना आदानप्रदान गर्दै संघीयता कार्यान्वयनको यस घडीमा नेपाल सरकारले लिएको **समृद्ध नेपाल, सुखी नेपालीको** राष्ट्रिय लक्ष्य प्राप्त गर्न निजामती सेवाले अमूल्य योगदान गरेको छ भन्ने सबैमा महशुस गर्ने गरी कार्य गर्न र उपलब्धीहरुलाई परिमाणात्मक रुपमा प्रस्तुत गर्नको लागि उच्च मनोबलका साथ अगाडि बढ्ने सामूहिक प्रतिवद्धता व्यक्त गरियो ।

.........................
(विनोद बहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np